**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**
**आदेश**

०७८-WO-०८५३

**मुद्दाः उत्प्रेषणयुक्त परमादेश।**

किशोर महर्जनको छोरी ललितपुर जिल्ला साविक सिद्धिपुर-४ को परिवर्तित महालक्ष्मी नगरपालिका संयुक्त वडा कार्यालय सिद्धिपुरको हाल परिवर्तित महालक्ष्मी नगरपालिका वडा नं. ६ बस्ने बस्ने बिन्दिया महर्जन .....१
बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जन ......................................१
} **निवेदक**

**विरुद्ध**

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं .....................१
जिल्ला प्रशासन कार्यालय, मानभवन, ललितपुर ...........................१
महालक्ष्मी नगरपालिका वडा नं. ६को कार्यालय, सिद्धिपुर, ललितपुर...१
} **प्रत्यर्थी**

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः–

**निवेदनको संक्षिप्त तथ्य**

१. नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्वपूर्ण अधिकार हो। नागरिकता यस्तो दस्तावेज हो जसले व्यक्तिको पहिचान दिन्छ। यो नागरिकको राष्ट्रियताको अधिकार पनि हो। कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने आधार भनेको नै नागरिकता हो। त्यसैले नागरिकता नभएको व्यक्तिको न पहिचान नै हुन्छ न राज्यद्वारा प्रदान गरिने अधिकार प्राप्त गर्ने अवसर नै प्राप्त गर्न सक्दछ। हामी

निवेदकहरु मध्ये म बिन्दिया महर्जन आफ्नो सन्तानलाई नेपाली नागरिकता प्रदान गर्न पाउने हकबाट तथा म कृष्टिना महर्जन आफ्नो आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न पाउने हकबाट बंचित भएका छौं। हाम्रो स्थायी बसोबास ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ मा रहेको छ। निवेदक मध्ये म बिन्दिया महर्जन वैवाहिक सम्बन्ध गाँसिनु पूर्वनै आमा बनेकी कुमारी आमा हुँ। म गर्भवती भएको कुरा मेरो प्रेमीलाई भनेपछि उनले मलाई लगी अब विवाह गर्नुपर्छ भन्दै काठमाडौं महाराजगञ्ज स्थित आफ्नो डेरामा लगी राखेकोमा मेरो कोखको गर्भ तिन महिनाको पुगेपछि झगडा गरी मलाई कुटपिट गरी तँलाई सिध्याउँछु भन्दै कोठामा मट्टितेल छर्केर ढोका लगाई बाहिरबाट सलाई कोरेर फाली हिडेकोमा भाग्यवश बाँच्न सफल भई बुवा आमाको संरक्षणमा उहाँहरुसँगै बस्दै आएँ। यसै बीचमा मिति २०६०।६।२१ गते निवेदक मध्येकी कृष्टिनाको टिचिङ अस्पतालमा जन्म भयो। छोरीको लालन पालन शिक्षा दिक्षाको दायित्व म कुमारी आमाको काँध माथि आई परेको हुँदा छोरीलाई बुवा आमाको संरक्षकत्वमा छोडी रोजगारीको लागि ईजरायल गई ११ वर्ष काम गरी फर्के। फर्केपछि म बिन्दिया महर्जनले झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं. ५ बस्ने कृष्ण श्रेष्ठसँग वैवाहिक सम्बन्ध गाँसेकी छु। निवेदक मध्ये म कृष्टिनां ८ कक्षामा अध्ययनरत रहँदा स्कूलले जन्मदर्ता माग गरेकोले अस्पतालको जन्म प्रमाणपत्र पेश गरें पनि स्कूलले जन्मदर्तानै चाहिने भनेकोले अस्पतालको जन्मदर्ताको आधारमा महालक्ष्मी नगरपालिकाको संयुक्त वडा कार्यालय, सिद्धिपुरले जन्म प्रमाणित सिफारिस पत्र दिएकोले सोही पत्रका आधारमा मैले मेरो पढाईलाई निरन्तरता दिन पाएँ। हाल मेरो उमेर १८ वर्ष पुगेको हुँदा नागरिकता बनाउन वडा कार्यालयमा सिफारिसको लागि जाँदा वडा कार्यालयबाट जन्मदर्ताको लागि मेरो जन्मदर्ताको लागि हामी बसोवास गर्दै आएको माइती/मावली घरको वतनबाट जन्मदर्ता गर्न नमिल्ने भनी म निवेदक कृष्टिनाको जन्मदर्ता गर्न र नागरिकताको सिफारिस गरिदिन ईन्कार गरियो। म कृष्टिनाले आमाको नामबाट नागरिकताको लागि पुनः सोही वडा कार्यालयमा अनुसूची फाराम लिई जाँदा वडा अध्यक्षज्यू समेतले यो अनुसूची फाराममा तिम्रो बुबाको नाम उल्लेख गर्नु भनियो। म मेरो बुबाको नाम अनुसूची

फाराममा उल्लेख गर्न चाहन्न भनेकोमा तिम्रो घर मकवानपुर जिल्ला भएको हुँदा हामीले यहाँबाट नागरिकताको सिफारिस गर्न मिल्दैन भनी सिफारिस गर्न ईन्कार गर्दै मैले पेश गरेको जन्म प्रमाणित सिफारिस पत्रको फोटोकपिमा सचिव ज्यूले **"महालक्ष्मी न.पा. वडा नं. ६ बस्ने बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जनको पिता लोकेस सुवेदी क्षेत्रीको सम्पर्क विहिन भन्ने जानकारी प्राप्त भयो। लोकेस सुवेदी क्षेत्रीको ठेगाना मकवानपुर जिल्ला मनहरी वडा नं. ४ खुलेकोले यस वडाबाट जन्मदर्ता गर्न नमिल्ने ब्यहोरा अनुरोध गरिन्छ"** भनी मिति २०७८।९।१ मा दरपिठ गरिदिएबाट म निवेदक कृष्टिना महर्जन निवेदक मध्येकै बिन्दिया महर्जनको छोरी हुँ, मेरो जन्म नेपालमा भई निरन्तर बसोबास गर्दै आईरहेको व्यक्तिलाई मैले मेरो आमाको नामबाट आफ्नो पहिचान बनाउन चाहेको अवस्थामा पनि मेरो बुवा जस्लाई मैले अहिलेसम्म चिनेकै छैन त्यस्तो व्यक्तिको नाम राख्नु पर्ने अन्यथा मेरो बुवा नेपाली भए नभएको यकिन नहुने भनी बुवाको नाम उल्लेख गर्न बाध्य बनाउनु भएको हुँदा म कृष्टिनाले अनुसूचीमा बुवाको नाम उल्लेख गर्न ईन्कार गरेको, मेरो बुवा नेपाली नागरिक होईन की भन्ने वडा कार्यालयको आशंका मेटाउनका लागि बुवाको परिचय खुल्ने नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति कार्यालयमा पेश गर्दा निजको ठेगाना मकवानपुर रहेको देखाई आमाको ठेगाना र नामबाट नागरिकता जारी गर्ने कानून छैन भनी नागरिकताको सिफारिस गर्न मौखिक ईन्कार गर्दा मैले नेपाली नागरिकता प्राप्त गर्नबाट म निवेदक बिन्दिया महर्जनले आफ्नो सन्तानलाई आफ्नो पहिचान दिनबाट बञ्चित हुन पुगी र म निवेदक कृष्टिना राज्य विहिन अवस्थामा बाँच्न बाध्य भएको छु। अतः विपक्षीहरुको नाममा निम्न बमोजिमको आदेश जारी गरी पाउँः

क) म कृष्टिना महर्जनको जन्म प्रमाणित सिफारिस पत्रको छायाँप्रतिमा महालक्ष्मी नगरपालिका वडा नं. ६ को मिति २०७८।९।१ को दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर गरिपाउँ।

ख) मेरो आमा बिन्दिया महर्जन सूचक भई मेरो बुवा बेपत्ता भएको हुँदा सोही ब्यहोरा जनाई म निवेदक कृष्टिना महर्जनको जन्मदर्ता गरिदिनु भनी विपक्षी

महालक्ष्मी नगरपालिका वडा नं. ६ को कार्यालयका नाममा परमादेशको आदेश जारी गरी पाउँ।

ग) मेरो आमा बिन्दिया महर्जनको नामबाट वंशजको नागरिकता प्रदान गर्न सिफारिस दिनु र सो सिफारिसका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय ललितपुर समेतका नाममा परमादेशको आदेश जारी गरी पाउँ।

घ) प्रस्तुत विषय अत्यन्त संवेदनशील विषय भएकोले र यथासिघ्र निर्णयमा पुग्नु पर्ने भएको हुनाले प्रस्तुत रिट निवेदनलाई पेशी प्राथमिकता अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित म्याद सूचना पाएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ३ को हकमा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपि समेत साथै राखी प्रत्यर्थीहरुका नाउँमा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। निवेदकले आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाऊँ भनी दिएको रिट निवेदनको प्रकृतिबाट छिटो निरूपण हुनुपर्ने देखिँदा प्रस्तुत निवेदन उपर सुनुवाईका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिइएको छ। अरू नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०७८।११।४ मा भएको आदेश।

३. नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गर्ने कार्यविधि तोकिएको छ। वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएका कागजपत्र संलग्न राखी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनुपर्ने हुँदा प्रस्तुत नियमावली बमोजिमका कागजपत्र जुटाउने दायित्व नागरिकता प्राप्त गर्ने व्यक्तिमा नै रहेको हुन्छ। प्रचलित ऐन,

नियमावलीको कार्यविधि पूरा गरेका नेपाली नागरिकले सम्बन्धित तहबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कानूनी आधार र कारण नभएकोले प्रस्तुत रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

४. रिट निवेदकले नेपाली नागरिकता प्राप्त गर्नको लागि नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको फाराममा स्थानीय तहबाट सिफारिस गराई बाबु, बाजेको वंशज खुल्ने नेपाली नागरिकता, जन्मदर्ता लगायत अन्य प्रमाण कागजातहरू पेश गरेको अवस्थामा निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिइने र उक्त प्रमाण कागजातहरु समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुने कानूनी प्राव्धान रहेको तर रिट निवेदक नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची-१ बमोजिमको फाराम तथा रितपूर्वकका कानूनले तोकेका कागजात सहित यस कार्यालयमा पेश हुन सकेको छैन। नेपालको प्रचलित ऐन, नियम, कानुनले तोकेको शर्त र प्रक्रिया पूरा गरी वंशज खुल्ने प्रमाण संलग्न गरी आवेदन दिएका अवस्थामा कानून बमोजिम नागरिकता प्रदान गर्ने तर्फ कारवाही हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय ललितपुरको तर्फबाट पेश भएको लिखित जवाफ।

५. प्रत्यर्थी मध्येका महालक्ष्मी नगरपालिका वडा नं. ६ को कार्यालय, सिद्धिपुर, ललितपुरका तर्फबाट लिखित जवाफ पेश गरेको मिसिलबाट देखिएन।

## आदेश खण्ड

६. नियमबमोजिम निर्णयार्थ पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता मीरा ढुँगाना र विद्वान अधिवक्ताहरु सर्वश्री विनु लामा, रोशना प्रधान, पुष्पा पौडेल, नवीन कुमार श्रेष्ठले कुमारी आमा बिन्दिया महर्जनबाट जन्मेकी छोरी कृष्टिना महर्जन हुन्। बिन्दिया महर्जन प्रेममा परेपछि विवाह नहुदै गर्भवती रहेको अवस्थामा मार्ने नियतले निज बसेको कोठा अगाडी मट्टितेल खन्याई आगो लगाएपनि भाग्यवस् बाँचेकोमा सोही सम्बन्धबाट जन्मेकी छोरी कृष्टिनालाई

बाबुको नाम र पहिचान रहित नागरिकता पाउने अधिकार कुमारी आमाबाट जन्मेकी निवेदक कृष्टिना महर्जनमा रहेको छ। कृष्टिनाको आमा नेपाली नागरिक भएको र नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेकोले वंशजको नागरिकता पाउने हक नेपालको संविधानले कृष्टिनालाई दिएको छ। निवेदक समेतले भरेको अनुसूची फाराम निवेदकहरु बसोबास गर्दै आएको स्थानीय तहले नलिने, जन्मदर्ता नगर्ने विपक्षी नगरपालिका समेतको कार्य त्रुटिपूर्ण रहेको छ। निवेदकहरुको अस्तित्वनै समाप्त पार्न प्रयत्नरत रहेका र कहिल्यै लोकेस सुवेदीको नाम उल्लेख गर्नै पर्छ भनी निवेदकहरुलाई बाध्य तुल्याउन मिल्दैन। लोकेस सुवेदीलाई निवेदक कृष्टिनाले आजसम्म पनि देखेकी छैनन। निवेदकहरु प्रति गैरजिम्मेवार रहेका र हालसम्म देख्दै नदेखेका र कृष्टिनाको जन्म पश्चात निज वा परिवारका सदस्यको सम्पर्कमै नरहेका लोकेस सुवेदी भन्ने नामलाई बाबुको उल्लेख गरी अनुसूची फाराम भर्न लगाउने कार्य निवेदकहरुको इच्छा विपरीत छ। निवेदकलाई अनुसूची फाराममा बाबुको नाम भनी लोकेस सुवेदी उल्लेख गर्न लगाउन दवाव दिने गरी मिति २०७८।९।१ मा गरिएको महालक्ष्मी न.पा. वडा नं. ६ को दरपिठ आदेश त्रुटिपूर्ण भएकोले सो आदेश समेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकको जन्मदर्ता गरी अनुसूची फाराम समेत प्रमाणित गरी आमाको नामबाट निवेदक कृष्टिना महर्जनलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनू भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

प्रत्यर्थीहरुका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री पुष्पराज वास्तोलाले निवेदकले आफ्नो बाबु भनी स्वीकार गरेकी र निजका बाबुको ठेगाना मकवानपुर जिल्लामा देखिएकोले सोही स्थानीय तहबाट जन्मदर्ता प्रमाणपत्र लिन सक्ने नै देखिएको छ। निवेदकले आफ्नो बाबु नाम उल्लेख नगर्दा अन्य कानूनी समस्या र जटिलता आउन सक्छ। संविधानले बाबुको पहिचान नभएको अवस्थामा मात्र नेपाली नागरिक आमाको नामबाट वंशजको नागरिकता लिन पाउने व्यवस्था गरेको छ। निवेदकलाई बाबु हो भनी अरुले देखाएको मानिस भएपनि निजको परिचय खुलेको, निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गरेको भन्ने निवेदन व्यहोराबाट देखिएको र सो व्यक्ति निवेदकको बाबु भएको

एकिन गरी सम्बन्धित स्थानीय तहले नागरिकताको सिफारिस दिन सक्ने भई सोही सिफारिसका आधारमा निवेदकले नेपाली नागरिकताकी प्रमाणपत्र पाउन सक्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

७. प्रस्तुत निवेदन अध्ययन गरी हेर्दा, निवेदक बिन्दिया महर्जनले लोकेस सुवेदीसँग आफ्नो प्रेम सम्बन्धमा रहेको अवस्थामा गर्भ रहेको जानकारी गराएपछि घरमा नलगी महाराजगञ्जमा डेराकोठामा राखी कुटपिट गरी मट्टितेल छरी सलाई लगाउने क्रममा गलत स्थानमा खसेको कारण घरवेटी समेतको सहयोगमा बाच्न पुगेको र छोरी जन्मेपछि माइती बाबु आमाको संरक्षणमा छोरी कृष्टिनालाई जिम्मा लगाई बैदेशिक रोजगारीबाट फर्केपछि अन्यत्र विवाह गरेपनि छोरी कृष्टिनाको नागरिकता बनाई दिन नसकेको, छोरी कृष्टिनालाई रेखदेख नगरेका र छोरीले हालसम्म पनि नदेखेका व्यक्तिलाई बाबु भनी स्वीकार गरी नेपाली नागरिकताको प्रमाणपत्र लिन हामी चाहदैनौं, म कृष्टिनाले आमाकै पहिचानमा मावली घरकै वतन राखी नागरिकताको प्रमाणपत्र लिन चाहन्छु, हालसम्म देख्दै नदेखेको व्यक्तिलाई बाबु उल्लेख गर्न लगाउन मिल्दैन, हालसम्म म बसोबास गरेको महालक्ष्मी नगरपालिका वडा नं. ६ हो। यही नगरपालिकामा जन्मदर्ताको प्रमाणपत्र लिन जाँदा मकवानपुरको मनहरीबाट लिनु भनियो जुन कार्य त्रुटिपूर्ण छ। जन्मदर्ता प्रमाणपत्र नभई नागरिकता समेत नहुने भएकोले अनुसूची फाराममा मेरो आमाको मात्र नाम उल्लेख गरी आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र दिनू भनी परमादेश जारी गरिपाउँ भन्ने मुख्य जिकिर रहेको देखियो । नागरिकताको अधिकार जस्तो गम्भीर विषयमा कारवाहीको शुरुवातको लागि आवश्यक जन्मदर्ताको प्रमाणपत्र नै जारी गर्न इन्कार गर्ने महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयबाट यस अदालतको कारण देखाउन आदेशको पालना हुने गरी लिखितजवाफ पेश नभएबाट जनप्रतिनिधीमूलक सो निकायले यो विषयलाई महत्व नदिएको देखिएको छ, उक्त प्रत्यर्थीले जिम्मेवारपूर्ण तरीकाले आफ्नो कानूनी कर्तव्य पूरा गरेको र यस विषयमा सम्बेदनशील रहेको देखिएन । अन्य प्रत्यर्थीहरुले प्रस्तुत निवेदनमा बाबुको पहिंचान खुलेको र संविधान ऐन नियमले तोकेको प्रकृया पूरा गरेको अवस्थामा निवेदकले नागरिकता पाउने नै हुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको लिखित

जवाफ जिकिर रहेको पाईयो।

८. अब, विवाह नहुदै गर्भवती भएकी आमाबाट अविवाहित अवस्था मै जन्मेकी यी निवेदक कृष्टिना महर्जनलाई लोकेस सुवेदी भन्ने नामसम्म खुलेको व्यक्तिको मकवानपुर जिल्ला मनहरी गाउँपालिकामा गई जन्मदर्ताको प्रमाणपत्र लिई आउन भनी महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयले गरेको दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर हुने हो होइन? निवेदक कृष्टिना महर्जनले नाम वतन खुलेको जैविक बाबुको विवरण उल्लेख नगरी आमाको नामबाट मात्र नेपाली नागरिकताको प्रमाणपत्र पाउने हो होइन? प्रत्यर्थीहरुको नाममा माग बमोजिमको आदेश जारी हुने हो होइन? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

९. निवेदकहरुले आमाको नामबाट नागरिकता लिन गरेको माग सम्बन्धमा भएको संवैधानिक व्यवस्थालाई हेर्दा, हाल प्रचलित नेपालको संविधान लागू हुनु अघिको नेपालको अन्तरिम संविधान, २०६३ को प्रावधान पनि हेर्नु सान्दर्भिक छ। ऐ. संविधानमा रहेको निम्न प्रावधानहरूले नेपालको नागरिक हुने योग्यता तथा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्न अवस्थावारे उल्लेख गरेको पाईन्छः

**धारा ८ः संविधान प्रारम्भ हुँदाका बखत नागरिकताः**

**(१) यो संविधान प्रारम्भ हुदाँका बखत नेपालको नागरिकताप्राप्त गरेको र यस भाग बमोजिम नागरिकताप्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन्।**

**(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ।**

**(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,**

**(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति।**

**(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको**

प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ।

(४) नेपालभित्र गाभिनेगरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ।

(५) संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकताप्राप्त गर्नेछ।

तर यस व्यवस्था अन्तर्गत नागरिकताप्राप्त गर्न प्रचलित कानूनमा व्यवस्था भए बमोजिम एक पटकको लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्नेछ।

१०. यस्तै, नागरिकता सम्बन्धमा नेपालको संविधानमा देहाय बमोजिम उल्लेख भएको देखिन्छः

धारा १० (१): कुनै पनि नेपाली नागरिकलाई नागरिकताप्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन।

धारा ११(२): यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहाय व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ।

(२)(ख): कुनै व्यक्तिको जन्म हुदाँका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति।

धारा ११(५): नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ।

तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगिकृत नागरिकतामा परिणत हुनेछ।

११. यसरी नेपालको संविधानले प्रत्येक नागरिकलाई नागरिकताप्राप्त गर्ने हकको सुनिश्चितता प्रदान गरेको छ। संविधानका उपर्युक्त धाराहरूमा "नेपाली नागरिक"लाई

नागरिकताप्राप्त गर्ने हकबाट बञ्चित नगरिने प्रतिबद्धता व्यक्त भएको देखिन्छ। यहाँ **"नागरिक"** तथा **"नागरिकता"** लाई भिन्न भिन्न अर्थ लाग्ने गरी व्यवस्था भएको छ। नेपालको नागरिक हुने योग्यता हासिल हुनासाथ त्यस्तो व्यक्तिलाई नेपाली नागरिक कै रुपमा स्वीकार गरिएको छ, त्यस्ता नेपाली नागरिक हुने योग्यता पुगेको व्यक्तिका नाममा नेपालको नागरिकताको प्रमाणपत्र जारी नभएकै कारण निज नेपाली नागरिक हुन योग्य व्यक्ति होइन भन्ने प्रकृतिबाट व्यवहार गर्नु यस संविधानको मर्म र मनशाय देखिदैन।

१२. नागरिकताको प्रमाणपत्र वितरण अत्यन्त संवेदनशील विषय र प्रकृया हो भन्ने सम्बन्धमा विवाद हुन सक्दैन। तर संवेदनशील विषय भन्दैमा नेपालको नागरिक हुन योग्य व्यक्तिलाई अनिर्णयको बन्दी बनाई वा अन्य कुनै वहानामा लामो समयसम्म नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन ढिलाई गर्नु पनि वान्छनीय हुदैन। यो कार्यमा स्थानीय सरकार तथा स्थानीय प्रशासन कै मुख्य भूमिका रहन्छ भने नेपाल सरकार, गृह मन्त्रालयले यथासम्भव सरल प्रकृतिबाट नागरिकता दिलाउन सकारात्मक वातावरण सृजना गर्नु आवश्यक हुन्छ। नागरिकता वितरणमा यदाकदा देखिएका विकृतिको परिणाम स्वरुप नेपाली नागरिकता पाउन योग्य व्यक्तिले प्रमाणपत्र पाउने प्रकृयामा कठिनाई भोग्नु स्वीकार्य हुदैन, यस्को निराकरणको लागि सम्बन्धित निकायमा सुशासन अपेक्षित हुन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ८ मा **"सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने"** तथा दफा १३ को देहाय (च) मा **"आफू वहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने"** भन्ने उल्लेख भएबाट संविधानले परिकल्पना गरेको कार्यलाई प्रभावकारी तथा परिणाममूलक बनाउनसा सम्बन्धित कार्यालय प्रमुखको महत्वपूर्ण कानूनी तथा नैतिक जिम्मेवारी रहेको छ।

१३. नागरिकताको आधारमा राष्ट्रियताको पहिचानको आयाम मानव जीवनमा अतुलनीय रहन्छ। शिक्षाको हक, स्वास्थ्य सम्बन्धी हक, पेशा व्यवसाय वा रोजगार सम्बन्धी हक, समानता सम्बन्धी हक लगायतका अधिकारहरू नागरिकताको प्रमाणपत्रको

अभावमा परिचालन गर्नमा धेरै बाधा अवरोधको अवस्था सृजना हुन जान्छ। मुलुकी देवानी संहिता, २०७४ भाग २ को **व्यक्ति सम्बन्धी कानूनको** परिच्छेद-१ को **प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था शीर्षक अन्तर्गत** दफा ३० मा **"प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको मान्यता पाउने र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपयोग गर्न पाउनेछ"** भन्ने व्यवस्था छ । जन्म भएको मान्यता दिई प्रमाणीकरण गर्ने सम्बन्धमा भएको कानूनको सन्दर्भ हेर्दा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ६ बमोजिम स्थानीय पंजिकाधिकारीले जारी गरेको जन्मदर्ताको प्रमाणपत्रका आधारमा जन्म भएको मानिने कानूनी व्यवस्था छ। यस्तै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा १ मा **"प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ"** भन्ने र उपदफा ७ मा **"पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडी आमाको थर प्रयोग गर्न पाउनेछ"** भन्ने व्यवस्था रहेकोबाट जन्मकै आधारमा राष्ट्रियता र परिवारको पहिचान हुने हुँदा आधारभूत मानव अधिकारहरूको प्रचलनका लागि जन्मदर्ता प्रमाणपत्र आवश्यक र अनिवार्य लिखत रहेको छ। यो प्रमाणपत्र कुनै सम्बन्धित सूचकले दिएको विवरणको आधारमा जारी हुने भएपनि केही अपवादको स्थितिमा बालबालिकाले सोही प्रमाणपत्रकै आधारमा मात्र बाबुको पहिचान गरी परिचय खुलाउन सक्ने अवस्था हुदैन। जन्मदर्ताको प्रमाणपत्र प्राप्त गरे पश्तचात नै निजको कानुन बमोजिमका सुविधाहरु समेत उपभोग गर्न पाउने हक सृजना भई राज्यसँगको औपचारिक सम्बन्धको शुरुवात भएको वा सम्बन्ध स्थापित भएको बुझ्नुपर्ने हुन्छ। अर्को तर्फ, जन्मदर्ताको प्रमाणपत्रले जन्म भएको भनी सूचना दिने सुचकको विवरणका अतिरिक्त यसमा जन्मिने व्यक्तिको जन्म मिति, जन्मेको स्थानसमेतका विवरणलाई अन्यथा प्रमाणित नभएसम्म राज्यले औपचारिक रुपमा मान्यता दिएको पनि हो भनी मान्नुपर्ने हुन्छ।

१४. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ को धारा ६[१] र

---

[१] **Universal Declaration of Human Rights(UDHR) ,**
**Article 6:"Everyone has the right to recognition everywhere as a person before the law."**

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) १९६६ को धारा १६[२] ले समेत सबै व्यक्तिलाई कानूनी आधारमा व्यक्तिको पहिचान दिनुपर्छ भन्ने व्यवस्था गरेको पाईन्छ। UDHR को धारा १५ ले पनि प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार प्रदान गर्दै कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले निजको राष्ट्रियताको अधिकारबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको[३] छ। नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ को धारा २४ ले प्रत्येक शिशुलाई राष्ट्रियता प्राप्त गर्ने निजको अधिकार हुन्छ भन्ने व्यवस्था गरेको देखिन्छ[४] भने यस्को सामान्य टिप्पणी (General Comment No 17)[५] मा **"Every child has the right to be registered immediately after birth and to have a name. In the Committee's opinion, this provision should be interpreted as being closely linked to the provision concerning the right to special measures of protection and it is designed to promote recognition of the child's legal personality"** भन्ने समेत उल्लेख भएबाट अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नागरिकताको विषयलाई व्यक्तिको कानूनी पहिचानको रूपमा स्वीकार गरेको पाईन्छ। त्यसैगरी, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ७ र ८ ले पनि हरेक बालबालिकाको राष्ट्रियता प्राप्ति गर्ने अधिकार सुनिश्चित गरेको छ[६]।

---

**[२] International Covenant on Civil and Political Rights(ICCPR), Article 16: Everyone shall have the right to recognition everywhere as a person before the law."**

**[३] Universal Declaration of Human Rights (UDHR) , Article 15(1):" Everyone has right to nationality. "(2)"No one shall be arbitrarily deprived of his nationality nor denied the right to change his nationality."**

**[४] International Covenant on Civil and Political Rights (ICCPR), Article 24(2): Every child shall be registered immediately after birth and shall have a name. (3). Every child has the right to acquire a nationality.**

**[५] HRI/GEN/Rev.9 (Vol I)**

**[६] Declaration of the Rights of the Child (Proclaimed by the General Assembly Resolution 1386 (XIV) of 20 November 1959)Principle no 3:"The child shall be entitled from his birth to a name and nationality." Convention on the Rights of the Child( Adopted and opened for signature, ratification and accession by General Assembly Resolution 44/25 of 20 November 1989, entry into force: 2 September 1990), Article 7(1):"The child shall be registered immediately after birth and shall have the right from birth to a name, the right to acquire a nationality and as far as possible, the right to know and be cared for by his/her parents." (2). "State Parties shall ensure the implementation of these rights in accordance with their national law and their obligations under the relevant international instruments in this field, in particular where the child would otherwise be stateless.**

१५. व्यक्तिको पहिचान केही विशेष अवस्थामा त्यस्ता व्यक्तिको रोजाईको विषय पनि हुन सक्ने तथ्य नकार्न सकिंदैन। नेपालको संविधानको धारा ११ को उपधारा २ मा **"बाबु वा आमा"** उल्लेख हुनु भनेकै लैङ्गिक दृष्टिकोणबाट आमाको पहिचानबाट पनि नागरिकता प्रदान गर्न सकिने अभिप्रायलाई अघि सारिएको छ। यस्तै अभिप्रायलाई CEDAW को धारा ९ ले पनि पुरुष वा महिला दुवैले आफ्नो राष्ट्रियता आफ्नो बालबच्चालाई प्रदान गर्न सक्ने हक हुन्छ भनी उल्लेख गरेको देखिन्छ[७]। नागरिकता जस्तो गहन विषयमा नागरिकता प्राप्तिको लागी बुबाको पहिचान अनिवार्य खुलाउनुपर्ने वा नपर्ने भन्ने विवादमा भारतको **Abc Vs. State (Nct of Delhi)**मा[८] बाबुले अर्कै बिहे गरी बसेको, बच्चाको कुनै परवाह नगरी बसेको र सो बालकको पालन पोषण आमाले गर्दै आएको परिपेक्षमा आमाको नामबाट नागरिकता प्रदान गर्न पाउने तथा नागरिकता प्रदान गर्नको लागी बाबुको पहिचान खुलाउनु पर्छ भन्ने बाध्यात्मक व्यवस्था हुनुहुदैन भन्ने आशयका साथ **"The welfare of the child would be undermined if the Appellant is compelled to disclose the identity of the father, or the Court notice is mandatory in the child's interest"** भनी उल्लेख गरेकोबाट यस प्रकृतिको अवस्था नेपालमा मात्र नभई अन्यत्र पनि रहेको पाइएको छ।

१६. आमाको नामबाट नागरिकता जारी गर्ने सम्बन्धमा यस अदालतको न्यायिक अभ्यास हेर्दा बिपना बस्नेतसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको परमादेशको निवेदनमा[९] ***"नेपालको संविधान कानून र नजिरसमेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वंशीय आधार भएकोले बाबुको नामथर***

---

**Article 8(1): State parties undertake to respect the right of the child to preserve his or her identity, including nationality, name and family relations as recognized by law without unlawful interference. (2)Where a child is illegally deprived of some or all of his/her identity, State parties shall provide appropriate assistance and protection with a view to re-establishing speedily his/her identity."**

**[७] Convention on the Elimination of all Forms of Discrimination against Women (CEDAW),**

**Article 9(2): "State Parties shall grant women equal rights with men with respect to the nationality of their children."**

**[८] Supreme Court of India, 6 July 2015, accessed on Indian Kanoon**

[९] ने.का.प. २०७५, अंक र नि.नं. १००६६

*लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर लेख्न नपाउने गरी रोक लगाउँदा लगाउँदा अर्थात् बाबुको थर मात्र लेख्नु पर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ । साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदकको वंशीय आधारको थर छनोटको अधिकार विरूद्ध हुनुको साथै महिला र पुरुषको समान अधिकार विरुद्ध विरुद्ध समेत हुने"* भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। लक्ष्मीकुमारी शर्मा विरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत रहेको उत्प्रेषणको निवेदनमा[१०] *"नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो हो । नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन्। रोकिन्छन्। सारभूत रूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु न्यायपूर्ण नहुने"* भनी भएको व्याख्या प्रस्तुत मुद्दामा पनि सान्दर्भिक देखिएको छ।

१७. उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाबाट नेपालमा स्थायी बसोबास भएका कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा मध्ये कुनै एक नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था भएको देखियो। **यसै गरी नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकताप्राप्त गर्न सक्ने** व्यवस्था रहेको समेत पाईयो। संविधानतः मुख्य गरी व्यक्तिले वंशज, अंगिकृत र जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने हुन्छ। आमाको नामबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रयत्नमा रहदा भोगेको अवरोध बारे यी निवेदक कृष्टिना महर्जनले निवेदनमा सविस्तार खुलाएकी छन । नीजकी आमा बिन्दीया महर्जनले आफूले रोजेको व्यक्तिसंग विधिवत रुपमा विवाह हुनु अगावै आफू गर्भवती भएकी र निज व्यक्तिले विवाह नगरी गैरजिम्मेवार भई भागी गएको कारण अविवाहित अवस्थामै आमा बनेकी बिन्दीया र निजबाट जन्मिएकी सन्तान लामो समयसम्म कस्ता प्रतिकूल कानूनी, व्यवहारिक एवं सामाजिक परिस्थितीबाट गुज्रनु परेको होला, सो सामान्य तवरबाट आकलन गर्न

[१०] ने.का.प. २०७७, अंक ३ र नि.नं. १०४५८

सकिदैन । यस अदालतबाट समेत पुण्यवती पाठक वि परराष्ट्र मन्त्रालय समेत भएको मुद्दामा[११] **"महिलालाई पुरुषलाई भन्दा बढी Hardship हुने गरी गरिएको कुनै पनि कार्यकारिणी निर्णय जसको जतिसुकै bona fide intention भएपनि त्यस्तो निर्णयलाई कानूनी राज्यको मान्य सिद्धान्त विपरीत discriminatory, excess of power र arbitrary निर्णय मान्नुपर्ने ...... कानूनले दिएको अधिकार वेगर महिलालाई महिलालाई मात्र ती स्वतन्त्रताहरू उपभोग गर्नबाट वञ्चित हुने गरी कार्यकारिणीले निर्णय गर्न नसक्ने"** भनी गरीएको उल्लेखन एवं नक्कली महर्जन वि. प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय समेत[१२] भएको उत्प्रेषण मुद्दामा **"लिङ्ग वा वैवाहीक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित वञ्चित हुने गरी सिफारिस नदिने गरी भएको कार्यलाई कानूनसम्मत भन्न नमिल्ने"** भनी व्यक्त गरिएको धारणा यहाँ उल्लेख गरिनु सान्दर्भिक देखिन आउछ।

१८. अब, आमाको नामबाट नागरिकता लिने सम्बन्धमा हेर्दा एक पटक आमाको नामबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिको स्वघोषणाका आधारमा वंशजको नाताले त्यस्तो प्रमाणपत्र प्राप्ति पश्चात कुनै पछि खुल्न आएको तथ्यबाट त्यस्तो व्यक्तिको बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकताको किसिमसम्म परिवर्तन भई अङ्गिकृत नागरिकतामा परिणत हुने व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा (५) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबाट नागरिकता पाउने व्यक्तिले घोषणा गरी व्यक्त गरेको आफ्नो र आफ्नो बाबु वा आमाको परिचयले नागरिकता प्राप्तिको विषयमा सार्थक सम्बन्ध राखेको देखिन्छ। ऐ. को उपधारा (५) मा उल्लिखित **"बाबुको पहिचान"** भन्ने शब्दहरूको सन्दर्भ हेर्दा यो पहिचान कस्ले गर्ने भन्ने प्रश्न टड्कारै रुपमा उब्जन सक्छ। बालबालिकाको लागि बाबुको पहिचान निजको भौतिक उपस्थिति, निजबाट पाएको वात्सल्य प्रेम र हेरविचार, बालबालिकाका लागि जैविक बाबु भनिएको व्यक्तिले उठाएको जिम्मेवारी आदि विषयहरुसंग जोडिन जान्छ ।बाबु भनिएको व्यक्तिले दिएको वा निजका हकमा उपलब्ध भएको पहिचानको प्रमाण त्यस्ता

---

११ ने.का.प. २०६२, अंक ८, नि. नं ७५८५.

१२ ने.का.प. २०६५, अंक ११, नि. नं ८०३५.

बालबालिकाले निज बालिग भएपछि पुष्टि गर्न सकेको वा सक्ने अवस्था भएका कारण स्वीकार गरेमा त्यस्ता व्यक्ति अन्यथा प्रमाणित नभएसम्म बाबु मानिनु वैधानिक अपेक्षाको विषय हो। आमा वा परिवारका अन्य सदस्यले जैविक बाबु भनी नाम वतनसम्म खुलाएको तर त्यस्ता बालबालिका त्यस्तो परिचय प्रति अनविज्ञ रही आफू बालिग भएपछी ती विवरणलाई वस्तुनिष्ठ रुपमा पुष्टि गर्न सक्ने अवस्था विद्यमान छैन भने त्यस्ता बालबालिका वा निज बालिग भएपछि कसैले नाम वतनसम्म खुलाएकै आधारमा कहिल्यै भौतिक वा भावनात्मक रूपमा समेत सम्पर्क वा सम्बन्धमा नरहेको व्यक्तिलाई बाबुको रूपमा परिचय दिई दिलाई स्वीकार गर्न बाध्य गर्नु न्यायोचित एवं तर्कसंगत समेत हुँदैन, राज्य संयन्त्रले पनि यसो गरेमा ती बालवालिकाप्रति न्याय हुदैन । यस अवस्थामा बाबुको पहिचानबारे नागरिकताको लागि आवेदन गर्ने सम्बन्धित व्यक्तिले गरेको घोषणाबाटै बाबुको "परिचय" खुलेको वा नखुलेको स्थितिको निक्यौंल गर्नु उपयुक्त हुन्छ। यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले खुलाएको विवरण र गरेको घोषणाका आधारमा नागरिकताको प्रमाणपत्रका लागि निवेदन पर्न आएमा संविधान र कानूनको मर्म, मनशाय र भावना अनुरुप यथासक्य चाँडो निर्णय गरी गराई सरलता र सहजताका साथ नागरिकताको प्रमाणपत्र उपलब्ध गराई औपचारिक रुपमा त्यस्ता व्यक्तिको राज्यसंगको सम्बन्ध र पहिचान स्थापीत गराउनु सम्बन्धित कार्यालयको कर्तव्य र सुशासनको द्योतक पनि हो। यदी निवेदकले खुलाएको त्यस्तो बेहोरा झुठा प्रमाणित हुन आएमा त्यसको कारबाही र परिणामको भागी निज घोषणा गर्ने व्यक्ति नै हुनुपर्ने हुंदा सम्बन्धित निकायले कुनै पनि जन्मदर्ता र नागरिकताको कारवाहीमा ढिलाई गर्नु उचीत हुदैन ।

१९. यस निवेदनको मूल माग नै बाबुको नाम नराखी आमाको नामबाट नागरिकता पाउँ भन्ने रहेकोछ। आमाको नामबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सन्दर्भमा यस अदालतबाट सबिना दमाई विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश निवेदनमा **"बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता**

नागरिकता प्राप्त गर्न सक्ने"[१३] भनि स्पष्ट व्याख्या भएको, सज्दा सापकोटा विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको परमादेश समेतको निवेदनमा "नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरुले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान संविधान र कानून बमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरुलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकता बिहिन बनाउनु कानून अनुकूलको कार्य मान्न नसकिने"[१४] भनिएको, सृजन खरेल विरुद्द नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको परमादेश निवेदनमा "आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासङ्गिक नै देखिएन। आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ। कानूनी अधिकार प्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ। सो नगर्नु समानता विरुद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ[१५]" भनी किटान गरी यस अदालतबाट यस प्रकृतिको विवादको निराकरण नै गरीसकेको देखिन आयो।

२०. यस अवस्थामा बाबुको नाम नराखि नागरिकताको प्रमाणपत्र जारी हुन सक्ने वा नसक्ने भन्ने सम्बन्धमा विचार गर्दा, ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ मा स्थायी बसोबास रहेको निवेदक मध्ये म बिन्दिया महर्जन वैवाहिक सम्बन्ध गाँसिनु पूर्वनै आमा बनेकी कुमारी आमा हुँ, गर्भवती भएपछि प्रेमीले काठमाडौं महाराजगञ्ज स्थित आफ्नो डेरामा लगी राखेकोमा मेरो कोखको गर्भ तिन महिनाको पुगेपछि झगडा गरी कोठामा मट्टितेल छर्केर ढोका लगाई बाहिरबाट सलाई कोरेर फाली हिडेकोमा भाग्यवश बाँच्न सफल भई बुबा आमाको संरक्षणमा उहाँहरुसँगै बस्दै आएकोमा मिति २०६०।६।२१ गते निवेदक मध्येकी कृष्टिनाको

[१३]ने.का.प. २०६८, अंक२, नि.नं. ८५५७
[१४]ने.का.प.२०७३, अंक ७, नि.नं. ९६२७
[१५]ने.का.प. २०७३, अंक ९, नि.नं ९६८७.

टिचिङ अस्पतालमा जन्म भई छोरीको लालन पालन शिक्षा दिक्षाको दायित्व म कुमारी आमाले गरेको हो भनी तथ्यको स्वघोषणा गरेको देखियो । यस्तै म निवेदक कृष्टिना महर्जनलाई आमाले नै पालन पोषण गरेको र मावलीमा नै बस्दै आएको छु, मैले मेरो आमाको नामबाट आफ्नो पहिचान बनाउन चाहेको अवस्थामा पनि मेरो बुबा जस्लाई मैले अहिलेसम्म चिनेकै छैन त्यस्तो व्यक्तिको नाम राख्नु पर्ने अन्यथा मेरो बुबा नेपाली भए नभएको यकिन नहुने भनी बुबाको नाम उल्लेख गर्न बाध्य बनाउनु भएकोमा म कृष्टिनाले अनुसूचीमा बुबाको नाम उल्लेख गर्न ईन्कार गरेको, मेरो बुबा नेपाली नागरिक होईन की भन्ने वडा कार्यालयको आशंका मेटाउनका लागि बुबा भनिएका व्यक्तिको परिचय खुल्ने नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति कार्यालयमा पेश गर्दा निजको ठेगाना मकवानपुर रहेको देखाई आमाको ठेगाना र नामबाट नागरिकता जारी गर्ने कानून छैन भनी नागरिकताको सिफारिस गर्न मौखिक ईन्कार भनी उल्लेख गरेको पाइयो। कुनै व्यक्तिको जैविक पिता फलानो हो भनिदिएकै भरमा पिताको वात्सल्य नपाएका वा पिताले हेरविचार नगरेको, पिता भनिएको व्यक्तिले कहिल्यै कुनै जिम्मेवारी नलिएको, दायित्व नवेहोरेको तथा कहिल्यै भौतिक रुपमा छोराछोरी सन्मुख उपस्थिति नभएको कारण अनुहार समेत नदेखेको व्यक्तिलाई परिचय खुलेको बाबुको रूपमा स्वीकार गर्न वाध्य गर्नु निजको हकमा कानूनसंगत र उचित समेत देखिदैंन, यस्तै अवस्था यी निवेदक कृष्टिना महर्जनको रहेको छ। अर्कोतर्फ, जैविक बाबु भनिएको व्यक्तिले आफ्नो छोरा वा छोरी भनी सनाखत गर्न गराउन वा निजको अनुपस्थितिमा निजको परिवारले त्यस्तो तथ्य पुष्टि गर्ने मनासिव प्रमाण देखाई बालबालिकाका लागि स्वीकार्य प्रकृतिबाट नाताको सनाखत नगराएसम्म वा गराउन सक्ने अवस्था नरहेसम्म त्यस्ता बालबालिकाका लागि बाबु भनिएको व्यक्तिको "पहिचान नखुलेको" नै मान्नु न्यायोचित हुन्छ। पछि कुनै कालखण्डमा आधिकारीक रुपमा बाबु भनिएको व्यक्तिको पहिचान खुल्न गएको अवस्थामा प्रत्यर्थीहरुले सोही स्थापित तथ्यका आधारमा जन्म र नागरिकताको प्रमाणपत्र सम्बन्धी विवरण सच्याउन सकिने तथा कुनै प्रमाणबाट त्यस्तो बाबु विदशी नागरिक रहेको पुष्टी हुन आएमा पनि नागरिकताको प्रकृति वंशजबाट अँगिकृतमा परिणतसम्म हुने विकल्प समेत रहेकै

हुन्छ, सोही कारणबाट त्यस्ता नागरिकताको प्रमाणपत्र धारक व्यक्तिको नेपालको नागरिकता हनन् हुदैन ।

२१. माथी विवेचित परिपेक्षमा प्रस्तुत निवेदनमा विचारगर्दा, निवेदक नेपालमा जन्मेको भन्ने निजले पेश गरेको अस्पतालबाट जारी भएको जन्मको प्रमाणपत्रबाट खुल्न आएको छ भने निजहरुको शैक्षिक प्रमाणपत्रबाट निवेदकहरुको बसोवास नेपालमा नै भएको देखिएको र निवेदकको आमा बिन्दिया महर्जनले वंशजका आधारमा मिति २०५७।०४।१७ गते ना.प्र.नं. १०७५६१ को नेपाली नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, ललितपुर**बाट** प्राप्त गरेको देखिएको अवस्थामा माथि प्रकरणहरुमा उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था एवँ यसै अदालतबाट प्रतिपादित सिद्धान्त र व्याख्याहरु समेतका आधारमा निवेदक कृष्टिना महर्जन नेपालको संविधानको धारा ११ को उपधारा (५) र नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संसोधन, २०७९ समेत) को दफा ३ को उपदफा (५) अनुसार नेपाली नागरिक हुन योग्यता पुगेको देखिदा निवेदकलाई नागरिकताको प्रमाणपत्रमा बुवा नाम नराख्न चाहेको आधार कारण देखाई नेपालको नागरिकता प्रमाणपत्र प्राप्तिको लागि जन्मदर्ता लगायत आवश्यक सिफारिस आदि तथा त्यस आधारमा नागरिकताको प्रमाणपत्र जारी नगर्दा कानून अनुरुप नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने निवेदकको संवैधानिक हक प्रभावित हुने अवस्था देखिन आयो।

२२. यसप्रकार, नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त अविवाहित आमाबाट नेपालमा जन्मिएकी निवेदक कृष्टिना महर्जनको जन्म नेपालमा नै भई मावली घरमा बसोबास गरी नेपालमा नै अध्ययन गरी रहेको अवस्थामा महालक्ष्मी न.पा. वडा नं. ६ को कार्यालयबाट "महालक्ष्मी न.पा. वडा नं. ६ बस्ने बिन्दिया महर्जनको छोरी कृष्टिना महर्जनको पिता लोकेस सुवेदी क्षेत्रीको सम्पर्क विहिन भन्ने जानकारी प्राप्त भयो। लोकेस सुवेदी क्षेत्रीको ठेगाना मकवानपुर जिल्ला मनहरी वडा नं. ४ खुलेकोले यस वडाबाट जन्मदर्ता गर्न नमिल्ने ब्यहोरा अनुरोध गरिन्छ" भनी मिति २०७८।९।१ मा निवेदकको जन्मदर्ताको प्रमाणपत्रका लागि दिएको निवेदनमा दरपिठ गरिदिएको कार्य नेपालको संविधान तथा माथीका प्रकरणहरुमा उल्लिखित कानून एवँ तर्कसंगत

देखिएन । बुबा भनिएका व्यक्तिको स्थायी ठेगानाबाट नै जन्मदर्ता गर्ने भनी भनिएको उक्त दरपिठको निर्णयबाट निवेदकको संविधान एवँ कानून प्रदत्त अधिकारमा समेत आघात पुग्न गएकोले सो मिति २०७८।९।१ को दरपिठ आदेश बदर गरि निजको हाल बसोबास रहेको महालक्ष्मी न.पा. वडा नं. ६ बाट नै निवेदक कृष्टिना महर्जनको जन्म दर्ता गरि नागरिकताको प्रमाणपत्र दिने दिलाउने कार्य गर्नु गराउनु उपयुक्त देखिन आयो।

२३. अतः निवेदक कृष्टिना महर्जनको आमा बिन्दिया महर्जनले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, निज महालक्ष्मी न.पा. वडा नं. ६ स्थित मावलीमा नै बस्दै अध्ययन गरिरहेको, जैविक बाबु बेपत्ता भई निजको भौतिक उपस्थिति यी छोरीले कहिल्यै अनुभूति नगरेको, जैविक बाबु भनिएका व्यक्ति सम्पर्क विहीन रही निवेदकहरुको कुनै पनि प्रकारले खोजविन वा हेरचाह समेत नगरेको, कुनै जिम्मेवारी समेत नलिएको इत्यादी कारणवाट निवेदक कृष्टिना महर्जनका लागि बाबु पहिचानविहीन रहेको देखिएकोले त्यस्ता जैविक बाबुको नाम नागरिकतामा उल्लेख गर्न नचाहेको भनि निवेदनमा नै खुलाएको अवस्थामा निजको जन्मदर्ता गर्न नमिल्ने ब्यहोराको महालक्ष्मी नगरपालीका वडा नं ६ को कार्यालयको मिति २०७८।९।१ को दरपिठ आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, जन्मदेखि नै महालक्ष्मी नगरपालीका स्थित मावलीमा स्थायी रुपमा बसिआएकी निवेदक कृष्टिना महर्जनलाई निजको मांग बमोजिम आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता प्रमाणपत्र जारी गरी नेपालको नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि आवश्यक सिफारिस गर्नु गराउनु भनी प्रत्यर्थी मध्यका महालक्ष्मी नगरपालीका वडा नं. ६ को कार्यालयको नाममा तथा रीत पुर्वकका कागजात प्राप्त भएपछि निवेदक कृष्टिना महर्जनलाई नेपालको संविधानको धारा ११ को उपधारा (५) र नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संसोधन, २०७९ समेत) को दफा ३ को उपदफा (५) बमोजिम बंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नु गराउनु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाममा परमादेश जारी गरिदिएको छ।

२४. प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिई आदेश विद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाईदिनू।

न्यायाधीश

उक्त आदेशमा सहमत छु।

न्यायाधीश

**इजलास अधिकृतः-** निराजन पाण्डे/सिम्रन नापित
अनुसन्धान गर्न सहयोग गर्नेः आभा डंगोल (इन्टर्न)
**कम्प्युटर अपरेटरः-** सुजन नेपाल

ईति संवत् २०८० साल साउन २३ गते रोज ३ शुभम् ---------------------------।